# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIV YEAR OF OUR LORD JESUS CHRIST, 2024 JULY No. 07


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

**परमप्रभुको प्रशंसा**

**भजनसंग्रह ९२:१-१०**

१. परमप्रभुको प्रशंसा गर्नु र हे सर्वोच्च, तपाईंको नाउँमा भजन गाउनु असल कुरा हो ।

२. बिहान तपाईंको करुणाको र राती तपाईंको विश्वसनीयताको घोषणा गर्नु,

३. तथा दश तारे सारङ्गी र वीणाको मृदु लयमा तपाईंको स्तुति गर्नु असल कुरा हो ।

४. किनकि हे परमप्रभु, तपाईंले आफ्‌ना कामद्वारा मलाई आनन्दित तुल्याउनुभएको छ, तपाईंका हातका कार्यहरू हेरेर म हर्षले गाउँछु ।

५. हे परमप्रभु, तपाईंका कार्यहरू कति महान् छन्, तपाईंका विचारहरू कति गम्भीर छन् !

६. विवेकहीन मानिसले यो जान्न सक्दैन र मूर्खले यो बुझ्न सक्दैन:

७. यद्यपि दुष्टहरू घाँसजस्तै मौलाउँछन् र सबै दुष्टहरूको फलिफाप हुन्छ तर तिनीहरू सधैंको निम्ति नष्ट पारिनेछन् ।

८. तर तपाईं हे परमप्रभु, सदाको निम्ति उच्चमा विराजमान हुनुहुन्छ ।

९. किनकि हे परमप्रभु, तपाईंका शत्रुहरू अवश्य नष्ट हुनेछन्, तपाईंका शत्रुहरू निश्चय नै नष्ट हुनेछन् । सबै दुष्टाचारीहरू तितरबितर हुनेछन् ।

१०. तपाईंले मलाई जङ्गली साँढेको जत्तिकै शक्ति दिनुभएको छ, उत्तम तेलले मेरो अभिषेक भएको छ ।

## आफ्‌नो अभिषेकलाई बचाऔं !

## PROTECT YOUR ANOINTING!

**सम्माननीय प्रधान सम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको नाउँमा संसारभरि रहनुभएका हाम्रा **बोलावटको प्रतिध्वनि** परिवारका सम्पूर्ण सदस्यहरूमा अभिवादन, जसले हरेक महिना १६ भिन्दै भाषाहरूमा यो पत्रिकालाई विश्वासपूर्वक पढिरहनुभएको छ । **...उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ** (प्रकाश १:४) ।

मेरो विगत, वर्तमान र भविष्यलाई बुझ्ने, साथी र सहकर्मीको रूपमा मसँगै हिँड्ने परमेश्वर मसँग हुनुहुन्छ भनेर जानेर यो पदले मलाई हरेक परिस्थितिमा ठूलो निश्चयता प्रदान गर्दछ । यही निश्चयताको साथमा म भित्री शान्तिको साथमा भोलिका अनिश्चयताहरूलाई सामना गर्न र **संसारको सृष्टिअघि नै मेरो निम्ति निश्चित गरिएको मेरो निम्ति परमेश्वरको योजना र उद्देश्यमा म** निश्चिन्त छु (एफिसी २:१०) ।

परमेश्वरले हामी हरेकलाई कसरी जटिल रूपले बनाउनुभएको छ भनेर मनन गर्दै मैले थाहा गरेको छु कि हाम्रो अस्तित्व दूर्घटनावश आएको होइन तर यो ईश्वरीय योजनाको भाग

बाँकी पृष्ठ ३ मा


**बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल**



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।


**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

# बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

## तपाईंको प्रिय भाइबाट....



**...तिमीहरुमाथि दया देखाउन परमप्रभु उठ्नुहुन्छ...**
**(यशैया ३०:१८)।**

प्रभुमा प्रियहरू !

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा हामी तपाईंलाई प्रेमपूर्वक अभिवादन गर्दछौं !

परमेश्वरको अनुग्रहद्वारा शैक्षिक सत्र २०२४-२०२५ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल** र हाम्रो **नहेम्याह बाइबल कलेजहरू** पुन: खोल्न सक्यौं । तपाईंका प्रार्थनामा कृपया यी संस्थाहरूलाई सहायता गरिदिनुहोस् ।

भविष्यमा स्वतन्त्र रूपले प्रभुको सेवा गर्न चाहनेहरूसँग ईश्वरशास्त्रमा केही पाठ्यक्रममा प्रमाणपत्र हुनुपर्छ र उहाँहरूले उपयुक्त संस्थामा दिनुपर्छ भन्ने कुरा विदितै छ। यो विषयमा तपाईंलाई सहायता गर्न हाम्रो **नहेम्याह बाइबल कलेजहरू** तयार छन्। साँझमा कक्षाहरू तामिल भाषामा संचालन गरिन्छन्। हिन्दी भाषामा अध्ययन गर्न चाहनेहरूका निम्ति हामीले आवासीय सुविधाहरू पनि प्रदान गर्छौं। यो विषयमा आवश्यकतामा पर्नुभएकाहरूले हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ ।

हाम्रो **नहेम्याह बाइबल कलेजहरूबाट** दीक्षान्त भएका र अहिले सेवकाइमा भएका विद्यार्थीहरूको अलुम्नी संगति छ र **नहेम्याह बाइबल कलेजहरूका** अलुम्नी सदस्यहरूको बैठक १३.०५.२०२४ मा संचालन भएको थियो । शैक्षिक सत्र २०२३-२०२४ को निम्ति दीक्षान्त समारोह ०१.०६.२०२४ मा साँझ ५ बजे संचालन भएको थियो । यो वर्ष ३८ जना विद्यार्थीहरू दीक्षान्तित भएका थिए र आफ्नो सेवकाइको निम्ति विभिन्न मिसनका केन्द्रहरूमा गएका छन् ।

तामिल भाषामा साथै हिन्दी भाषामा अध्ययन गर्न **नहेम्याह बाइबल कलेजहरूका** निम्ति हामीलाई धेरै विद्यार्थीहरूको खाँचो छ। कृपया हामीलाई सहायता गर्नुहोस् र परमेश्वरको सेवा गर्ने उत्कट चाहना भएका विद्यार्थीहरूलाई परिचय गराइदिनुहोस् ।



*Alumini member of Nehemiah Bible College*



*The Graduation Service for the academic year 2023-2024*

### हाम्रो मिसन नीति

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
HON. MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

हाम्रा सबै सेवकाइहरूलाई विकास गर्न र विशेष तरिकामा संचालन गर्न हामीलाई यी कुराहरूको आवश्यकता छ: पत्रिका डिजाइनरहरू, पत्रिका अनुवाद भएका लेखहरूका लागि अनुवादकहरू, हाम्रो छापाखानामा काम गर्ने सहयोगीहरू, छापाखानाका प्राविधिकहरू, मिडिया प्राविधिकहरू, सवारी चालकहरू, पालेहरू, कम्प्युटर टाइपिस्ट, डिटिपी संचालकहरू, हाइ स्कुलमा पढाउने शिक्षकहरू, मण्डलीहरूमा व्याख्या गर्नेहरू, मिसनरीहरू, पूर्णकालीन सहायक पास्टरहरू, आदि । सबै क्षेत्रहरूमा सेवकाइमा हामीसँग काम गर्न हामीलाई पुरुषहरू र महिलाहरू आवश्यक छन् । यी मानिसहरूसँग साँचो दर्शन र इमानदारीता छ भनेर हामीले आशा गरेका छौं । हाम्रा सेवकाइहरू गुणनात्मक रूपले वृद्धि भइरहेका छन् । तर सहायता गर्नको निम्ति हामीले उपयुक्त मानिसहरू पाउन सकेका छैनौं । हामीलाई सहायता गर्न तपाईंले सक्ने कुनै पनि कुरा कृपया गरिदिनुहोस् ।

यी आधुनिक समयमा छापिएका पत्रिकाहरू र पुस्तकहरू पढ्ने मानिसहरूको संख्या घटिरहेको छ । हरेक जना अनलाइनमा पढ्न चाहन्छन् । विगत ४० देखि ५० वर्षदेखि हाम्रो पत्रिका **बोलावटको प्रतिध्वनि** पढिरहने धेरै मानिसहरू वृद्ध भएका छन् । केही प्रभुको घरमा जानुभएको छ र केही वृद्धाश्रममा बसिरहनुभएको छ । पहिले उहाँहरूले हाम्रो सेवकाइको निम्ति प्रार्थना गर्ने र आर्थिक रूपमा पनि सहायता गर्नुहुन्थ्यो । त्यसकारण, हाम्रो पत्रिकाका पाठकहरूको संख्या घटिरहेको छ । तपाईंको परिवारका सदस्यहरूका इमेल ठेगानाहरू र हुलाक ठेगानाहरू पठाएर हामीलाई सहायता गर्नुहोस् । हामी पत्रिकाहरू निःशुल्क उहाँहरूलाई पठाउन सक्छौं । हामी तपाईंको निम्ति प्रार्थना गर्छौं ।

हाम्रा आग्रहमा तपाईंको उत्साहित प्रतिक्रियाहरूको हामी आशा गर्दछौं । हाम्रो प्रभुको अनुग्रह तपाईंको साथमा रहून् !


ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858,
E.mail : sam@echoofhiscall.org


## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन् । सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ ।

साथै, तपाईंको मोबाइल फोनहरूमा मेरो मोबाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस् ।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

थियो । आफ्नो सांसारिक अभिभावकद्वारा चाहना नगरिएको वा आशा गरिएको थिएन भनेर कुनै व्यक्तिले विश्वास गरे पनि परमेश्वरले हरेक व्यक्तिलाई सावधानीपूर्वक सृष्टि गर्नुभएको छ किनकि भजनसंग्रह १३९:१३ मा बताइएको छ, **किनकि तपाईंले नै मेरा भित्रका अङ्गप्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो ।** त्यसकारण, हाम्रो विश्वास सुरु गर्नुहुने र अन्त्य गर्नुहुनेको निर्देशनको साथमा हामी जुन उद्देश्यको निम्ति सृष्टि गरिएका थियौं, त्यही उद्देश्य पूरा गर्न खोज्नु हाम्रो जिम्मेवारी हो ।

हाम्रो योग्यताको आधारमा होइन तर परमेश्वरको चरित्रमा उहाँले हामीलाई ईश्वरीय बोलावट र वरदानहरूका साथमा अनुग्रह गर्नुभएको छ । तापनि, हाम्रो तोकिएको मार्गबाट हामीले आफैंलाई टाढा गएको थाहा नपाएसम्म प्रायः बिस्तारै यो मार्गबाट हट्न सजिलो हुन्छ । कृतज्ञतासाथ, हाम्रो प्रेमिलो मुक्तिदाताको मार्गमा फर्काएर डोऱ्याउने पवित्र आत्मा सधैं उपस्थित हुनुहुन्छ ।

इस्राएलका पहिलो राजा शाऊलको जीवनलाई उदाहरणको रूपमा प्रयोग गर्दै परमेश्वरको ईश्वरीय उद्देश्यबाट हामीलाई भट्काउन सक्ने केही साझा कदमहरू हामीले अन्वेषण गरौं ।

**शाऊल: सुरुवात महत्वपूर्ण होइन, तर अन्त्य महत्वपूर्ण हुन्छ !**

जब इस्राएलका मानिसहरूले आफ्नो शासकको रूपमा राजाहरूका महाराजालाई इन्कार गर्दै राजाको माग गरे, परमेश्वरले तिनीहरूका चाहना पूरा गर्नुभयो । बेन्यामीन कुलका धनी र प्रख्यात मानिस कीशका छोरा शाऊल पहिलो राजाको रूपमा अभिषेक भएका थिए । राजा हुन शाऊलमा सम्पूर्ण सांसारिक गुणहरू थिए । पवित्रशास्त्रले **तिनलाई सबैभन्दा एक टाउको जति अग्ला थिए भनेर वर्णन गर्दछ** (१ शमूएल ९:२) । त्यसैले, यस्तो छानिएको, अभिषिक्त र प्रतिभावान व्यक्तिलाई के कुराले वियोगात्मक अन्त्यतिर लगेको थियो ?

## पहिलो गलत कदम

## घमण्ड !

जब परमेश्वरले शाऊललाई राजा हुन बोलाउनुभयो, तिनमा आत्मविश्वासको कमी थियो । तिनले यसरी अभिव्यक्त गरे, **"तर म त इस्राएलको सबैभन्दा सानो कुलको एक बेन्यामीनी हुँ । र बेन्यामीनको कुलका वंशहरूमध्ये मेरो वंश सबैभन्दा सानो छ"** (१ शमूएल ९:२१) । **अभिषिक्त भए पनि तिनी लजाए र आफैंलाई लुकाए** (१ शमूएल १०:२२) । परमेश्वरको अनुग्रहले हामीलाई कायम राख्न नसक्ने स्थानमा परमेश्वरले हामीलाई बोलाउनुहुनेछैन भनेर हामीले याद राख्नुपर्छ । शाऊल इस्राएलको राजा बन्न परमेश्वरको अनुग्रह पर्याप्त थियो । तिनको नम्र सुरुवात भए पनि परमेश्वरले तिनलाई आशिष् दिनुभयो । तापनि, जब तिनले सफलताको स्वाद चाखे र विजयपछि विजय हासिल गरे, हामीमध्ये धेरैजस्तै प्राप्त भएको प्रख्याति र प्रशंसाले तिनलाई अन्धो बनायो । १ शमूएल १५ अध्यायमा हामीले यस्तै परिचित खण्डको सामना गर्छौं, जहाँ परमेश्वरले

शाऊललाई स्पष्ट रूपमा अमालेकीहरू स्त्री र बालबालिकालाई कोही पनि बाँकी नरहने गरी नष्ट गर्ने आदेश दिनुभएको थियो। जब वर्तमान दिनमा यसलाई हेरिन्छ, यसलाई क्रुर र बदला लिने रूपमा परमेश्‍वरलाई कृपारहित भएको देखिन सक्छ। तापनि, इस्राएलको इतिहासलाई विचार गर्दा अमालेकीहरूले कमजोर र थकित इस्राएलीहरूलाई सताएका, आक्रमण गरेका र नष्ट गर्ने प्रयास गरेका थिए।

**सावधान !**

जकरिया २:८ मा बाइबलले बताउँदछ, **"जसले तिमीहरूलाई छुन्छ, त्यसले उहाँको आँखाको नानीलाई छुन्छ।"**

अमालेकीहरूले आफ्ना मानिसहरूलाई कसरी दुर्व्यवहार गरेका थिए भन्ने कुरामा परमेश्‍वर बेखुस हुनुहुन्थ्यो, जसलाई उहाँले आफ्नो प्रेमिलो धनको रूपमा लिनुहुन्छ र उहाँले तिनीहरूलाई नष्ट गर्ने चाहना गर्नुभयो। हाम्रो पक्षमा हाम्रो लडाइँ लड्नुहुने परमेश्‍वर हामीसँग हुनुहुन्छ भनेर सम्झनु अत्यन्तै महत्वपूर्ण हुन्छ। तापनि, शाऊलको कथामा हामीले भिन्दै प्रतिक्रिया देख्छौं। जब तिनको कार्यहरूलाई शमूएलले सुधार गरे, शाऊलको तुरुन्तैको प्रतिक्रिया स्वीकार र पश्‍चात्ताप हुनुपर्थ्यो। त्यसको साटो, **तिनले शमूएललाई धर्म-गुरुहरू र इस्राएलका मानिसहरूका सामुन्ने इज्जत गरिदिन र उनलाई फर्केर आउन आग्रह गरे ताकि तिनले परमप्रभु शमूएलका परमेश्‍वरलाई आराधना गर्न सकोस्** (१ शमूएल १५:३०)। नम्रताबाट घमण्डतिर सर्दै गएको शाऊलको चरित्र प्रमाणित छ **किनकि तिनले पहिचानको खोजी गरे र आफ्नो आदरको निम्ति स्मारक बनाए** (१ शमूएल १५:१२)।

सफलता र विजयले प्रायः हाम्रो मनस्थिति र चरित्रलाई परिवर्तन गर्छ। नम्र मानिसबाट आदर र पहिचानको खोजी गर्ने शाऊलको रूपान्तरणले घमण्डको खतरालाई प्रदर्शन गर्दछ।

घमण्डले स्थान लिने बित्तिक्कै **परमेश्‍वरले हाम्रो जीवनबाट आफ्नो उपस्थिति हटाउन सक्नुहुन्छ र हाम्रो विरुद्धमा खडा पनि हुनुहुन्छ** (यशैया ६३:१०)। याकूब ४:६ ले **चेतावनी दिन्छ कि परमेश्‍वरले घमण्डीहरूको विरोध गर्नुहुन्छ र नम्रहरूमाथि निगाह देखाउनुहुन्छ।** हाम्रा आफ्नै शब्दहरू र कार्यहरूमाथि मनन गर्नु बुद्धिमानी हुन्छ। "मेरो घर," "मेरो जीवन," वा "मलाई राम्रो थाहा छ" भन्ने जस्ता वाक्यांशको साथमा हामीले कहिल्यै हाम्रो स्वामित्व र ज्ञान घोषणा गरेका छौं ? हामीले बाहिरी रूपमा मात्र नम्रताको घोषणा गरे पनि हाम्रो साँचो स्वभाव आफैं प्रकट हुन सक्छ, जब हाम्रो घमण्डलाई चुनौती दिइन्छ। "तपाईंलाई थाहा छ म को हुँ" वा "यो तरिकामा मसँग कसरी बोल्ने आँट भयो" जस्ता वाक्यांशको साथमा हाम्रो महत्वलाई घोषणा गर्ने क्षमता आशा नगरिएअनुसार बाहिर निस्कन सक्छ।

घमण्डको खाडलको विरुद्धमा रक्षा गर्न सम्झना दिलाउने रूपमा यो चेतावनीको कथाले बताउँछ, विशेष गरी त्यस्तो क्षणमा, जब हाम्रो स्वयको भावलाई आँच आउँछ। "म को हुँ चिनेको छ" भनेर जोड दिएर कुनै व्यक्तिले बोलेको होस् वा विश्‍वासको घोषणा गर्ने ती मानिसहरूको मनमा प्रतिध्वनि भएको होस्, यसले घमण्डको भित्री स्वभावको विरुद्धमा चेतावनीको रूपमा सेवा गरेको होस्।

## दोस्रो गलत कदम

### आफैंलाई धोका दिने!

आफैंलाई धोका दिने व्यक्ति त्यस्तो मानिस हो, जोः

१) वास्तवमा तिनीहरू को होइनन् भनेर विश्‍वास गर्दछ

२) तिनीहरूसँग भएका थोकभन्दा धेरै छ भनेर सोच्ने

३) वास्तविक हुने चाहनाभन्दा तिनीहरू जे होइनन्, त्यही रूपमा देखाउन चाहना गर्ने।

अब बाइबलले के भन्दछ भनेर अन्वेषण गरौः **"आफ्नो बारेमा धेरै ठूलो नसोच"** (रोमी ११:२०)।

***"जसले आफूलाई जस्तो सम्झनुपर्छ, त्यसभन्दा बढी नसम्झोस्, उसले आफैंलाई धोका दिन्छ"*** (रोमी १२:३)।

*..Contd to page 6*

RESIDENTIAL BIBLE COURSE
NEHEMIAH BIBLE COLLEGE, Chennai.
Medium : Hindi
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years
Rush for Admission!
Diploma in Theology
Qualification : 10th Standard & above
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org
✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

**PRAISE & PRAYER POINTS - From July 19 To August 18, 2024**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

जूलाइ १९: हाम्रा सम्पूर्ण सहसम्पादकहरू र उहाँका परिवारका सदस्यहरूलाई आशिष् दिनुभएको निम्ति ।

जूलाइ २०: सन् १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको प्रशस्त आशिष्को निम्ति ।

जूलाइ २१: मुख्य मण्डली र शाखा मण्डलीहरूका हाम्रा पास्टरहरू र सिनियर सदस्यहरूमाथि आशिष्को निम्ति ।

जूलाइ २२: हाम्रो सुसमाचारीय छापाखाना र प्रभावकारी कर्मचारीहरूका साथमा यसको निरन्तर संचालनको निम्ति ।

जूलाइ २३: बालाजी नगर, सन्थोसापूरम र भेलाचेरीमा हाम्रो आइतवारको सेवामा भएका नयाँ विश्वासीहरूका निम्ति ।

जूलाइ २४: हाम्रो **ग्लोबल भिजर फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति ।

जूलाइ २५: शैक्षिक सत्र २०२३-२०२४ को निम्ति **नहेम्याह बाइबल कलेज** र **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** भर्नाहरूमा आशिष्को निम्ति ।

जूलाइ २६: मिसन कर्मचारीहरूबाट ठूलो समर्पणताको निम्ति ।

जूलाइ २७: हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** कोर्सको निम्ति नयाँ विद्यार्थीहरू पाउन हामीलाई अनुग्रहपूर्वक सहायता गर्नुभएको निम्ति ।

जूलाइ २८: सुसमाचार नपुगेका मानिसहरूकहाँ पुग्न हाम्रो यूट्यूब सेवकाइको ५ मिनेट सन्देशमा आशिष् दिनुभएको निम्ति ।

जूलाइ २९: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई आशिष् दिनुभएको निम्ति ।

जूलाइ ३०: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति परमेश्वरको कृपाको निम्ति ।

जूलाइ ३१: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइबल कलेज** र **ईश्वरशास्त्रीय पत्राचार कोर्सका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति ।

अगस्त १: नयाँ विश्वासीहरूका साथमा हाम्रो मुख्य मण्डलीलाई आशिष् दिनुभएको निम्ति ।

अगस्त २: हाम्रा मण्डलीहरूका पास्टरहरू र स्वयंसेवकहरूका निम्ति ।

अगस्त ३: अझ धेरै समर्पित खीष्टियान शिक्षकहरू र प्रधानाध्यापक दिनुभएर हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुललाई** आशिष् दिनुभएको निम्ति ।

## कृपया प्रार्थना गरौं...

अगस्त ४: सबै प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. सेल्भाराज र उहाँका परिवारका सदस्यहरूका सुरक्षाको निम्ति ।

अगस्त ५: संसारका मानिसहरूका आवश्यकताको निम्ति ।

अगस्त ६: हाम्रा सेवकाइका आर्थिक आवश्यकता पूरा भएको होस् ।

अगस्त ७: हाम्रा कर्मचारीहरू र उहाँका परिवारका सदस्यहरूका स्वास्थ्यको निम्ति ।

अगस्त ८: संसारमा भइरहेको आर्थिकमन्दीको अन्त्य भएको होस् ।

अगस्त ९: हरेक बिहान २ बजे ५ मिनेटको लागि यूट्यूबमा प्रशारण हुने मिडिया सेवकाइको निम्ति ।

अगस्त १०: आज हाम्रो **बोलावटको प्रतिध्वनि सेवकाइहरू** ५६ औं वर्षमा प्रवेश गरेको निम्ति ।

अगस्त ११: परमेश्वरका छोराछोरीमाथि आत्मिक र सांसारिक आशिष्हरूका निम्ति ।

अगस्त १२: प्रभुमा रहिरन र हाम्रो मण्डलीमा नियमित रूपमा सहभागी हुन **भेकेसन बाइबल स्कुल (भिबिएस)** मा येशू खीष्टको प्रेमद्वारा सैयौं बालबालिकाहरू छोइएका होऊन् ।

अगस्त १३: परमेश्वरका सेवकहरू र मिसनरीहरूका विरुद्धमा भइरहेका हिंसा रोकिएका होऊन् ।

अगस्त १४: परमेश्वरको अनुग्रह फेरि एक पटक मानिसहरूमाथि खन्याइएको होस् ।

अगस्त १५: परिवारहरूलाई अलग गराउने शैतानको दुष्ट काम नष्ट भएको होस् ।

अगस्त १६: दीर्घ रोगहरू र तनावबाट प्रभावित भएका संसारभरि रहेका सम्पूर्ण मानिसहरूको छुटकाराको निम्ति ।

अगस्त १७: यो महिनाको निम्ति सम्पूर्ण आर्थिक खाँचोहरू पूरा भएको होस् ।

अगस्त १८: संसारभरि संचालन भएका **भेकेसन बाइबल स्कुलका** कक्षाहरूबाट बचाइएका बालबालिकाहरू र युवाहरूका निम्ति ।

पृष्ठ ४ बाट

**"घमण्डले तँलाई धोका दिएको छ"** (ओबदिया १:३) ।

यही पद्धति शाऊलको जीवनमा प्रमाणित भएको छ, उसको घमण्डले उसलाई अन्धो बनायो र उसलाई छल गऱ्यो, जसले उसलाई धोकामा अगुवाइ गरेको थियो ।

जब हामी धोकाको जालमा फँस्छौं, कसरी हामी फँस्छौं र के हुन्छ:

## (क) परमेश्वरको आज्ञा पूर्णरूपमा पालन गर्न अनिच्छा:

एक क्षणको निम्ति, परमेश्वरले शाऊललाई यसो भन्दै अमालेकीहरूलाई नष्ट गर्ने आज्ञा दिनुभयो, **"अब जा र पूर्णरूपमा नष्ट गर्"** (१ शमूएल १५:२) । तापनि, **"राम्रा भएका थोकहरू" राख्ने छनोट गरेर शाऊलले आफैंलाई धोका दिए** (१ शमूएल १५:९) । योग्य भएका कुराहरू राख्ने न्याय गरेर तिनले आफैंमाथि त्यो लिए, त्यसकारण, तिनका कार्यहरू न्यायसंगत थिए भनेर सोचेर आफैंलाई धोका दिइरहे । परमेश्वरको निर्देशनबाट अलग भए पनि शाऊलले दाबी पनि गरे, **"मैले परमप्रभुको आज्ञा पूरा गरेको छु"** (१ शमूएल १५:१३) ।



***Samuel reprimands Saul for disobeying God's Command***

शाऊलजस्तै धेरै पटक हाम्रा कार्यहरू परमेश्वरको इच्छामा रहेका छन् भनेर विश्वास गरेर आफैंलाई धोका दिन्छौं, वास्तवमा त्यस्तो भएको हुँदैन । परमेश्वरको इच्छाअनुसारमा गरिएका कार्यहरूले मात्रै उहाँलाई प्रसन्न तुल्याउँछ तर धोकाले हाम्रा न्यायलाई छोप्दछ ।

## (ख) आफ्नो गल्तीलाई स्वीकार गर्न अस्वीकार:



***Saul tries to justify disobedience in a spiritual way***

घमण्ड र धोकाले परमेश्वरको आवाज सुन्नबाट तिनलाई रोक्न तिनको आँखा अन्धो, तिनको हृदयलाई कठोर र तिनका कानलाई बहिरो तुल्याएको थियो । तिनले यसो भन्दै मानिसहरूलाई दोष दिए, "मानिसहरूले (मैले होइनँ) परमप्रभुलाई बलिदान दिन राम्रा भेडा र गोरुहरू बाँकी राखेका थिए ।" शाऊलले आफ्नो अनाज्ञाकारीतालाई आत्मिक बनाउने प्रयास गरिरहेका छन् । त्यसकारण, बलिदानभन्दा आज्ञाकारीता असल हो भनेर परमेश्वरले जोड दिनुहुन्छ । धोकाले हामीलाई हाम्रा कार्यहरूको जिम्मेवारी लिनुको साटो अरूमाथि दोष थुपार्नतिर अगुवाइ गर्छ ।

## (ग) आफैंलाई नम्र पार्न अनिच्छा गर्नेः

शाऊल आफ्नो घमण्डको शिखरमा थिए ।

- तिनले आफ्नो निम्ति स्मारक निर्माण गरे:
- शमूएलले तिनको आदर गर्नुपर्छ भनेर तिनले जोड दिए
- परमेश्वरप्रति कृतज्ञ हुनुको साटो तिनले मानिसहरूको आदर खोजे
- परमेश्वरको अघि आफैंलाई नम्र बनाउनु र क्षमाको खोजी गर्नुको साटो तिनले आफैलाई मानिसहरूका बीचमा उचाल्ने चाहना गरे ।

पहिले नै उल्लेख गरिएझैं हाम्रा सबै कार्यहरूको परिणामहरू हुन्छन् । आंशिक आज्ञाकारीता पूर्णरूपमा अनाज्ञाकारीता नै हो ।

*....Contd. to page 9*

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
Medium :Tamil
Rush for admission!
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years
Diploma in Theology
Qualification : 10th Standard & above
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

| | | |
|---|---|---|
| 1. | Prayer Service | : 24 hours |
| 2. | **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan. | |
| 3. | **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi) | |
| 4. | Theological Correspondence Courses: English & Tamil | |
| 5. | Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery) | |
| 6. | Great Commission Partners (Network of Pastors) | |
| 7. | Training Programmes – Seminars & Retreats | |
| 8. | Crusades | |
| 9. | Literature Distribution and Follow Up | |
| 10. | Gospel Printing Press | - Publications |
| 11. | St. Paul's Matriculation School - Village English High School | |
| 12. | Sunday Schools (Chepauk) | : 10.30 a.m. Sunday & |
| | (Velachery, Balaji Nagar & Santhoshapuram) | 3.00 p.m. Sunday |
| 13. | **Early Morning Service** | **: 5.30 a.m. Sunday** |
| 14. | **Preliminy Service** | **: 8.00 a.m. Sunday** |
| 15. | **Tamil Service** | **: 8.30 a.m. Sunday** |
| 16. | **Youth Meeting** | **: 11.00 a.m. Sunday** |
| 17. | **Fellowship Lunch** | **: 1.00 p.m. Sunday** |
| 18. | **Hindi Service** | **: 4.00 p.m. Sunday** |
| 19. | **Telugu Service** | **: 5.00 p.m. Sunday** |
| 20. | **English & Hindi Service** | **: 6.00 p.m. Sunday** |
| 21. | Feedback Time | : 7.30 p.m. Sunday |
| 22. | Women's Prayer | : 5.30 p.m. Wednesday |
| 23. | Men's Prayer | : 7.00 p.m. Friday |
| 24. | Discipleship Meeting | : 6.00 p.m. Saturday |
| 25. | House Meetings | : 6.30 p.m. Tuesday & Thursday |
| 26. | Special Holy Communion | : 6.00 a.m. 1st day of each month |
| 27. | Ministers' Meeting | : 6.00 p.m. First Saturday |
| 28. | Parents' Prayer | : 4.00 p.m. First Sunday |
| 29. | Night Prayer | : 9.30 p.m. Third Friday |
| 30. | Fasting Prayer | : 9:30 a.m. Second Saturday |
| 31. | Holy Communion | : Second Sunday Services |
| 32. | Youth / Kid Prayer | : 10.00 p.m. daily (over phone) |
| 33. | Staff Devotion | : 9.00 a.m. daily |
| 34. | Office | : 9.00 a.m. to 9.00 p.m. (except Sundays) |

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहृखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागिः**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | |
|---|---|
| **Account Name** | **: ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | **: 1023 2923 805** |
| **Bank Name** | **: STATE BANK OF INDIA** |
| **Branch** | **: TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | **: SBIN 0000249** |
| **SWIFT Code** | **: SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

### परमेश्वरले हाम्रा साना प्रयासलाई आदर गर्नुहुन्छ !

**परमप्रभुलाई धन्यवाद देओ..., उहाँले हामीलाई हाम्रो दुर्दशामा स्मरण गर्नुभयो: उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ**

(भजनसंग्रह १३६:१,२३)।

मेरो सेवकाइको जीवनको सुरुवातदेखि नै कुनै इनामको आशाबिना परमेश्वरको राज्य बिस्तारको निम्ति परमेश्वरलाई महिमा गर्ने कुनै पनि चुनौती लिन र कुनै पनि हदसम्म जाने मन उहाँले दिनुभयो। सन् १९७६ देखि १९८६ सम्म आफ्नै व्यक्तिगत पैसा खर्च गर्दै भारतका विभिन्न भागहरूमा साना क्रुसेडहरूका माध्यमबाट सुसमाचारीय यात्राहरू र सुसमाचार गर्न मेरो सरकारी कार्यालयबाट बिदाको आवेदन दिने बानी ममा थियो।

कम्तीमा पनि एक वा दुई महिनाको निम्ति विभिन्न भागहरूमा मसँगै मेरो आत्मिक मित्रहरूलाई लैजान र येशू ख्रीष्टको सुसमाचारद्वारा हजारौं मानिसहरूको जीवनलाई छुन र सुसमाचार नपुगेका गाउँहरूमा पुग्न प्रभुले मलाई सहायता गर्नुभयो। धेरै पटक मेरा सम्पूर्ण आर्थिक सहायताको निम्ति म परमेश्वरमाथि निर्भर हुन्थें किनकि मैले रेलको टिकट, बसको टिकट, मेरो र मेरा मित्रहरूका निम्ति बस्न होटल बुक गर्नुपर्थ्यो।

मेरो सेवकाइबाट परमेश्वरले चेन्गालपेट जिल्ला, भिल्लुपुरम जिल्ला, मदुराइ जिल्ला, ट्राइची जिल्ला र कन्याकुमारी जिल्ला, कोदाइकानल, ओटाकामुन्ड, ट्राइभान्ड्रम, पिलमेडु, इडुक्की, भान्दीपेरियार, विजयवाडा, बेङ्गलोर, मसुरी आदि विभिन्न ग्रामीण क्षेत्रहरूमा भ्रमण गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो। मेरो यात्राको समयमा बसहरू र रेलहरूबाट हाम्रा साङ्गीतिक वाद्यवादनहरू र सुसमाचारीय पर्चाहरू एक ठाउँबाट अर्को ठाउँमा लैजनमा मैले विभिन्न प्रकारका शारीरिक समस्याहरू अनुभव गरें। मेरो कमजोर आर्थिक अवस्थाको कारण सेवकाइको निम्ति सवारीसाधन किन्ने बारेमा मैले सोच्न पनि सकेको थिइनँ। तर परमेश्वरले मेरा व्यवहार हेरिरहनुभएको थियो र मेरा गवाहीहरू सुनिरहनुभएको थियो। परमेश्वर अन्यायी हुनुहुन्न र तिमीहरूका काम र उहाँको खातिर सन्तहरूका सेवामा तिमीहरूले देखाएको प्रेम उहाँले भुल्नुहुन्न (हिब्रू ६:१०)।

परमेश्वरले मेरा सम्पूर्ण सहकर्मीहरूलाई आशिष् दिनुभएको र उहाँहरूलाई उच्च तहमा उचाल्नुभएको र निरन्तर आज पनि उहाँको दाखबारीमा उहाँहरूलाई शक्तिशाली रूपमा निरन्तर प्रयोग गरिरहनुभएको पछि मैले थाहा पाएँ। उहाँले मलाई पनि आधुनिक मसिनहरू, कारहरू, भ्यानहरू र जोशिला कर्मचारीहरूजस्ता सबै सुविधाहरूका साथमा आशिष् दिनुभएको छ र भारतमा भएका नबचाइएका मानिसहरूका बीचमा सुसमाचार प्रचार गर्न अझ धेरै सक्षम बनाइरहनुभएको छ। साथै, संसारका विभिन्न देशहरूमा मलाई लैजानुभएर परमेश्वरले मलाई सम्मानित गर्नुभयो र धेरै असल साथीहरूका साथमा मलाई आशिष् दिनुभयो।

उही परमेश्वर अझै जीवित हुनुहुन्छ। बिना कुनै तुरुन्तै इनाम, उच्च पदहरू र भ्रष्ट उद्देश्यहरूको आशा नगरी उहाँलाई सेवा गर्न अगाडि आउन सक्ने चाहना गरेका मानिसहरू उहाँले खोजिरहनुभएको छ। आफ्नो अन्न पानीमा फालिदेऊ र धेरै दिनपछि तिमीले त्यो फेरि पाउनेछौ (उपदेशक ११:१)। उहाँ कसैको पनि ऋणी हुनुहुन्न।

हामीले परमेश्वरको राज्यको निम्ति केही गर्ने चाहना राखेका छौं भने हामीले त्यो तुरुन्तै गर्नुपर्छ भनेर मैले व्यक्तिगत रूपमा सिकेको छु, बतासको विचार गर्नेले कहिल्यै छर्दैन, बादलमा नजर राख्नेले कहिल्यै कटनी गर्दैन (उपदेशक ११:४)। संसार र संसारका मानिस तपाईंसँग खडा हुनेछन्।

हालका दिनमा हाम्रा मानिसहरूले परमेश्वरको राज्य बितारमा आफ्नो स्वास्थ्य, पैसा र प्रतिभाहरू खर्च गर्ने चाहना गर्दैनन्, तयसको साटो तुरुन्तै पदोन्नति र इनामको आशा गर्छन्। प्रिय मित्रहरू, येशू ख्रीष्टको सुसमाचारको कारण मैले वास्तवमै आशिष् पाएको छु। उहाँले तपाईंलाई पनि वास्तवमै आशिष दिन सक्नुहुन्छ। के तपाईं अहिले नै येशू ख्रीष्टको निम्ति केही गर्नको निम्ति अगाडि आउन सक्नुहुन्छ ? के तपाईंले आफ्नो क्रूस उठाउन र उहाँलाई पछ्याउन सक्नुहुन्छ ? कुनै पनि तरिकामा- हरेक तरिकामा- कुनै पनि मूल्यमा- परमेश्वरको महिमित सुसमाचा अगाडि बढाउन वास्तवमै चाहना गर्ने मानिसहरू परमेश्वरले खोजिरहनुभएको छ (१ कोरिन्थी ९:२२)।

**जब तपाईंले यी वचनहरू पढ्नुहुन्छ, तपाईंको निम्ति परमेश्वरसँग विशेष योजना छ भनेर तपाईंले थाहा गर्नुपर्छ ! संसारका धन, स्वास्थ्य, सम्बन्ध र ख्यातिले एकदिन तपाईंलाई छल गर्नेछ !! तर येशू ख्रीष्टले तपाईंलाई कहिल्यै कष्टमा रहिरहन दिनुहुनेछैन !!! यूहन्ना १४:१८। आजै निर्णय लिनुहोस्। महान् इनामले तपाईंलाई पर्खिरहेको छ।**

....Contd. from page 6

- शाऊलले आफ्ना कार्यहरूद्वारा परमेश्वरलाई शोकित तुल्याए ।
- यस कुराले तिनीप्रति परमेश्वरको इन्कारतिर डोऱ्याएको थियो ।
- दुवै परमेश्वर र शमूएलले तिनलाई राजा बनाएको पछुतो गर्नुभयो ।

तिनले आफ्नो मार्ग गुमाउँदै परमेश्वरको इच्छाबाट अलग भए । हाम्रो जीवनको उद्देश्यबाट अलग हुँदै शाऊलको जीवनझैं हामीमध्ये कोहीले पनि नजिएका होऊन् भनेर हामीले प्रार्थना गरौं ।

## तेस्रो र अन्तिम कदम:

## विद्रोह !

शाऊलको घमण्डले तिनलाई धोकातिर लगेको थियो, जसले तिनको गलत पहिचानलाई कल्पना गर्न र विद्रोही र हठी स्वभाव लिने बनाएको थियो । विद्रोह अनाज्ञाकारीता र हठीपनासँग पर्याय हो र यसले परिणाम बोक्दछ । हिब्रू १९:१ ले **चेतावनी दिन्छ कि घरिघरि हप्की पाएर पनि कोही हठी नै भइरहन्छ भने त्यो एक्कासी नाश हुनेछ, तरकीबै नरहने गरी ।** उसको विनाश उसमाथि अचानक आउनेछ ।

आफ्नो विद्रोही स्वभावले तिनमाथि मात्रै होइन तर भविष्यका पुस्ताहरूमा पनि प्रभाव पार्नेछ भनेर थाहा नगरी शाऊलले शमूएललाई नपर्खी बलिदान चढाएर विद्रोही चरित्र देखाए, जुन पूजाहारीको निम्ति मात्रै राखिएको जिम्मेवारी थियो । गाली पाउँदा पनि तिनी हठी भइ नै रहे, जसले तिनलाई तिनको सिंहासनको गुमाइतिर अगुवाइ गरिरहेको थियो । अनाज्ञाकारीता र विद्रोहका हरेक कार्यले आफ्नो परिणाम बोक्दछ ।

विद्रोहमा कसैको अधिकारमा समर्पित हुन इन्कार गर्ने कुरा समावेश हुन्छ, आधिकारीक कुरामा आफैंलाई समर्पित गर्ने महत्वलाई जोड दिँदै । हाम्रो परिवारभित्र हामीले हाम्रा अभिभावक, पति वा पत्नी, वृद्धहरू, व्यवस्थापकहरू, मण्डलीका अगुवाहरू, पास्टरहरू, सुपरीवेक्षकहरू र सबैभन्दा महत्वपूर्ण परमेश्वरप्रति समर्पणता देखाउनुपर्छ ।

विद्रोह हृदयको कुरा हो, व्यवहारको मात्रै होइन, यसले हामीभित्र आवश्यक भएको परिवर्तनलाई देखाउँछ ।

बाइबलले हामीलाई विद्रोहीपनाको बारेमा बहुमूल्य पाठ सिकाउँछ:

- **विद्रोह मन्त्रतन्त्र गर्नुजस्तै हो, जुन परमेश्वरले मन पराउनुहुन्न** (१ शमूएल १५:२३) ।
- **अनाज्ञाकारीता र विद्रोही स्वभावसँग परमेश्वर अलग मात्रै रहनुहुन्न तर त्यसको विरुद्धमा लड्नुहुन्छ** (यशैया ६३:१०) ।
- **परमेश्वरको हातले हाम्रो विरुद्धमा काम गर्नेछ** (१ शमूएल १२:१४,१५) ।
- **पश्चात्ताप गर्न असफल हुनुले परमेश्वरले हामीलाई विनाशको हातमा हस्तान्तरण गर्न अगुवाइ गर्न सक्छ** (१ कोरिन्थी ५:५) ।

प्रिय मित्रहरू, हाम्रा हृदय कठोर भएका, परिवर्तन गर्न इन्कार गर्ने, न्यानोपनाबाट अलग रहेन भएको छ भने त्यसलाई रूपान्तरण गर्न हामीले परमेश्वरको सहायताको खोजी गर्नुपर्छ । पवित्रशास्त्रले हामीलाई बताउँदछ कि "अन्त्यसम्म स्थिर रहनेचाहिँ बचाइनेछ" (मत्ती २४:१३) । परमेश्वरको बोलावट र वरदानहरू अपरिवर्तनशील छन्, घमण्ड, धोका, विद्रोहीपना र परमेश्वरको उद्देश्यबाट अलग रहनेजस्ता कार्यहरूबाट हामीभित्र हुनुभएका पवित्र आत्मालाई हामीले बाधा दिन सक्छौं, जसले सम्भावित असफलतातिर लैजान्छ ।

घमण्डको विनाशकारी प्रभाव विरुद्ध आफैंलाई बचाऔं र हाम्रा गल्तीहरू पहिचान गर्न र सुधार गर्ने कोसिस गरौं, जसले जीवनमा भएका हाम्रा उद्देश्यबाट हामीलाई अलग गर्न सक्छ । हामी परमेश्वरको इच्छाअनुसार रहेका छौं भनेर निश्चित गर्न हाम्रो जीवनमा मनन गर्न हामीले समय लिनु महत्वपूर्ण हुन्छ ।

## अत्यावश्यक

### नहेम्याह बाइबल कलेजहरू

परमेश्वरको सेवकाइको निम्ति एक वर्षको तालिम लिन आवश्यक परेका व्यक्तिहरू
१. विद्यार्थीहरू (पुरुष र महिला) तामिल भाषामा साँझको बाइबल कलेजहरूमा अध्ययन गर्न चाहने
२. हिन्दी भाषा जानेका मानिसहरू, क्याम्पसमा बस्ने र बाइबल कोर्सहरू अध्ययन गर्ने
सम्पर्क फोन नं. ९८४१२ ७१८५८
कटनीको क्षेत्र प्रशस्त छ, कामदारहरू कम छन् । कृपया हामीलाई सहायता गर्न अगाडि आउनुहोस्

## कार्यालय

हाम्रो मण्डलीको कार्यालयमा काम गर्न हामीलाई कम्प्यूटर अपरेटरहरू र कम्प्यूटर टाइपिस्टहरू चाहिएको छ । उपयुक्त तलब प्रदान गरिनेछ ।
सम्पर्क फोन नं. ९८४१२ ७१८५८

## कृपया ध्यान दिनुहोस्!

### पास्टर एस. साम सेल्भाराजको जीवनी !

पास्टर एस. साम सेल्भाराजको जीवनी पुस्तकको ढाँचामा प्रकाशन गर्न हामी अन्तिम चरणमा छौं । उहाँको सेवकाइबाट परमेश्वरले तपाईंको आत्मिक वृद्धिमा कसरी प्रभाव पार्नुभयो भनेर करिब दश वाक्यमा लेखेर तपाईंका गवाहीहरू पठाइदिनुहुन हामी अनुरोध गर्दछौं । यसका अतिरिक्त, जीवनीमा समावेश गर्नको लागि तपाईंले फोटो उपलब्ध गर्न सक्नुहुन्छ भने हामी त्यसको कदर गर्दछौं ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## ECHO OF HIS CALL Ministries

**56th ANNIVERSARY** (1969 - 2024)

Gospel Crusades

09.08.2024, Friday
10.08.2024, Saturday
11.08.2024, Sunday
Time : 6.00 P.M.

Place:

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET,
CHEPAUK, CHENNAI - 600 005, INDIA.

98412 71858 **Please Pray!**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |
| SWIFT CODE | : | **SBI NIN BB 455** |

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/24-26**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 16th JULY 2024**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

*JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**